LEAVE NO ONE BEHIND

# इस्लामिक रिलिफ नेपाल

# नागरिक अगुवाईमा दिगो विकास लक्ष्यका राष्ट्रिय सुचकहरूको समिक्षा

## प्रतिवेदन

## राजदेवि नगरपालिका, रौतहट

## २०७८ भाद्र

# धन्यवाद

इस्लामिक रिलिफ वर्ल्डवाइड अन्तराष्ट्रिय गैर सरकारी संस्थाको रूपमा सन् २०१५ देखि नेपालमा काम गर्दै आईरहेको छ । यसले पछाडि पारीएका तथा जोखिममा रहेका समुदायहरूको वालवालिकाको शिक्षा तथा जिविकोपार्जन सुधारका कार्यहरू गर्दै आई रहेको छ । यसैक्रममा "कोही पनि पछि नछुटून" (लिभ नो वन विहाइन्ड) कर्न्सोटियम संस्थाहरूको प्रतिनिधिको रुपमा रौतहट जिल्लाको राजदेवि नगरपालिकामा साझेदार संस्था ग्रामिण विकास केन्द्र नेपाल संग मिलेर सामुदायिक स्कोरकार्ड र सामुदायिक सम्बांदको माध्यमवाट नागरिक अगुवाईमा दिगो विकास लक्ष्यका राष्ट्रिय सुचकहरूको समिक्षा गरी यो प्रतिवेदन तयार पारीएको छ ।

प्रस्तुत प्रतिवेदनमा उल्लेखित स्कोरको आधारमा सुधार गर्नुपर्ने सूचकहरूको कार्यान्वयनको लागि सहभागिहरूवाट जिम्मेवारी सहित कार्ययोजना तयार गरीएको छ । उक्त कार्ययोजना कार्यान्वयनमा सवै सरोकारवालाहरूवाट थप सहयोगको अपेक्षा गरेका छौ । यस प्रकृयामा महत्वपुर्ण समय दिइ सहयोग पुऱ्याउँने सम्वन्धित नगरपालिका, स्थानीय कार्यालय प्रमुख, साझेदार संस्था, शिक्षक तथा समुदाय प्रतिनीधिहरू खास गरी राजदेवि नगरपालिका युवा प्रतिनीधिहरू प्रति हार्दिक धन्यवाद टक्र्याउन चाहन्छु । स्कोरकार्ड र सामुदायिक सम्बांदको माध्यमवाट सूचना संकलन गरी प्रतिवेदन तयार गर्न सहयोग पुऱ्याउँने परामर्शदाता गोविन्द रिमाल, भिएसओ नेपालका कर्मचारीहरू सन्तोष थापा, राधा पाण्डे, इस्लामिक रिलिफ वर्ल्डवाइडका कर्मचारीहरू प्रज्ञा अधिकारी, इच्छाराम थापा मगर र ग्रामिण विकास केन्द्र नेपालका सदस्य तथा कर्मचारीहरूलाइ धन्यवाद दिन चाहन्छु । सहयोगि संस्थाहरूको सहयोगमा कार्ययोजनामा भएको प्रगतिको वार्षिक रुपमा पुनरावलोकन गरी थप सल्लाह सुझावको अपेक्षा गरेका छौ ।

धन्यवाद ।

तल्हा जामल<br>
मिसन प्रमुख<br>
इस्लामिक रिलिफ नेपाल<br>
भाद्र, २०७८

# Contents


१. परीचय....................4

२. उद्धेश्य ....................4

३. समीक्षा वीधि र प्रकृया....................4

३.१ तयारी छलफल र वैठक ....................5

३.२ सेवाग्राही (अधिकारवाला) को तर्फवाट सामुदायिक अंक पत्रको समीक्षा र अंक प्रदान....................5

३.३ सेवा प्रदायक  (अधिकारबाहक) को तर्फवाट सामुदायिक अंक पत्रको समीक्षा र अंक प्रदान ....................5

३.४ सेवा ग्राही (अधिकारवाला) र सेवा प्रदायक (अधिकार बाहक) का बीचमा आमने सामने बैठक....................5

३.५ कार्य योजना निर्माण ....................5

४. नतिजा र विश्लेषण ....................5

*४.१ दिगो विकास लक्ष्य ४-समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरू प्रवर्धन गर्ने*....................6

*तालिका १ : दिगो विकास लक्ष्य ४का सूचकहरुमा सेवा ग्राही, सेवा प्रदायक र आमने सामने संयुक्त वैठकवाट समिक्षा र अंकभार प्रदान*....................6

४.२ दिगो विकास लक्ष्य ५- लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउने....................7

तालिका २ : *दिगो विकास लक्ष्य ५का सूचकहरुमा सेवा ग्राही, सेवा प्रदायक र आमने सामने संयुक्त वैठकवाट समिक्षा,  र अंकभार प्रदान*....................7

तालिका ३ : *दिगो विकास लक्ष्य १०का सूचकहरुमा सेवा ग्राही, सेवा प्रदायक र आमने सामने संयुक्त वैठकवाट समिक्षा र अंकभार प्रदान*....................9

४.४ दगो विकास लक्ष्य १३ - जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न (Combat) तल्काल कार्य अघि बढाउने....................9

४.५ दिगो विकास लक्ष्य १६ - दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरू निर्माण गर्ने ....................10

४.६ दिगो विकास लक्ष्य १७ - दिगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनर्जीवन दिने ....................11

तालिका ६ : दिगो विकास लक्ष्य १७ का सूचकहरुमा सेवा ग्राही, सेवा प्रदायक र आमने सामने संयुक्त वैठकवाट समिक्षा र अंकभार प्रदान .12

५. सिफारीस....................13

६. निष्कर्ष....................13

अनसूचि १: अङ्क प्रदान गर्ने आधारहरु ....................15

अनसूचि २ (क) :....................15

अनसूचि २ (ख) :....................17

अनसूचि ३: दिगो विकास लक्ष्यका राष्ट्रिय सुचकहरु प्रभावकारी कार्यन्वयनका लागि अगामि ५ वर्षको कार्ययोजना .(आ.व. २०७९ देखि २०८३) 18

अनसूचिः ४-नागरिक अगुवाईमा दिगो विकास लक्ष्यका राष्ट्रिय सुचकहरुको समिक्षा विषयक कार्यशाला गोष्ठीका सहभागीहरु (सेवा ग्राही र सेवा प्रदायक) ....................21

अनसूचि ५: कार्यक्रमका तस्विरहरुः ....................23

## १. परीचय

संयुक्त राष्ट्रसंङ्घले सन् २०१५ सेप्टेम्बरमा दिगो विकास लक्ष्यको विश्वव्यापी विकास एजेण्डा सुरु गऱ्यो। दिगो विकासका १७ लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरी विश्वको परिवर्तनको लागि जीवनका सबै क्षेत्रहरू जस्तै शिक्षा, स्वास्थ्य, लैंङ्गिक समानता, आर्थिक वृद्धि, स्वच्छ ऊर्जा र अरू धेरै क्षेत्रहरू समेट्ने प्रयास गरेका छन्। दिगो विकास लक्ष्यलाई **"कोही पनि पछि नछुटून"** भन्ने नाराको पृष्ठभूमिमा अगाडि सारिएको छ जसले सबैभन्दा कमजोर वर्गमा सबभन्दा पहिला पुग्ने र समाजको सबै वर्गहरूलाई माथि उठाउने उद्देश्य राखेको छ।

दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयनको लागि गैह्रराज्य पात्रहरू, अर्थात् नागरिक समाज समूहहरू, सहकारीहरू, सञ्चार माध्यमहरू र सामुदायिक समूहहरूको अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ। तिनीहरूले परिभाषित भूमिका र जिम्मेवारीहरूको साथ सरकारी र निजी क्षेत्रसँग साझेदारीमा काम गर्नुपर्दछ। प्रादेशिक र स्थानीय तहमा दिगो विकास लक्ष्यको स्थानीयकरणका लागि अनुगमन, रिपोर्टिङ र योजना बनाउने र बजेटमा पृष्ठपोषण दिनको लागि उनीहरूको सहभागिता आवश्यक छ।

भिएसओ नेपालको नेतृत्वमा सञ्चालित "**कोही पनि पछि नछुटून**" (एल.एन.ओ.वि.) कन्सोटियममा इस्लामिक रिलिफ नेपाल पनि आवद्ध छ। सामाजिक, आर्थिक र राजनीतिक हिसाबले पछाडि परेको समुदायको विकास प्रक्रियामा सारभुत सहभागिता नभएसम्म दिगो विकासको लक्ष्य प्राप्ती गर्न सम्भव हुदैन भन्ने आधारमा दिगो विकाश लक्ष्यको मुल नारा कोही पनि पछि नछुटून भन्ने रहेको छ। यही अभिप्रायले यस सिद्धान्तलाई विश्व समुदायले दिगो विकास लक्ष्य मार्फत ग्रहण गरेको देखिन्छ। सोही अवधारणलाई चरितार्थ गर्न सबैको योगदान आवश्यक छ भन्ने तथ्यलाई मध्यनजर गरी नेपालमा एल.एन.ओ.वि. कन्सोटियमले पनि आफ्ना नीति तथा र्कायक्रमहरुमा यस विषयलाइ प्राथमिकताका साथ अघि बढाएको छ।

कन्सोटियमको कार्यक्रम मध्ये दिगो विकास लक्ष्यका राष्ट्रिय सुचकहरुको प्रगतीमा केन्द्रित रहेर समुहगत छलफल, बहुपक्षिय सरोकारवालाहरुको सम्बाद सहित विभिन्न सहभागितामुलक र सामाजिक उत्तरदायित्वका प्रकृयाहरुको अभ्यासवाट पछाडि परेका नागरिकहरुको आवाजलाई बाहिर ल्याउने उद्धेश्य रहेको छ। जसअर्न्तगत समावेशी तथ्याकं र प्रमाण सृजना एंव संकलनका लागि सामुदायस्तरबाटै नेतृत्व र अनुगमन तथा वकालत र अन्य गतिविधिहरुमा सिमान्तिकृत समुदायहरुको पहुँच शुनिश्चित गर्ने कुराहरु मुख्य रुपमा रहेका छन्।

## २. उद्धेश्य

दिगो विकास लक्ष्य मध्येका **"कोही पनि पछि नछुटून** " नारा संग बढि सरोकार राख्ने ४, ५, १०, १३, १६ र १७ लक्ष्यका सुचकहरुको सामुदायिक अङ्कपत्र र सामुदायिक सम्बांदको माध्यमवाट तथ्याकं संकलन र समिक्षा गर्ने उद्धेश्य रहेको छ। तथ्याकं संकलन र समिक्षा गर्दा लक्षित सिमान्तकृत समूहहरु जस्तै - दलित, जनजाती, अपाङ्गता भएका समुदाय, महिला, युवा र पछाडि परेका समुदायहरुको आवाजलाई प्रतिविम्वीत गरीने छ।

## ३. समीक्षा वीधि र प्रकृया

सामुदायिक अङ्कपत्र कुनै पनि सेवा प्रदायक (अधिकार बाहक) संस्थाको सेवा नागरिक मैत्री बनाउनका लागि सेवा प्रदायक (अधिकार बाहक) र सेवा ग्राही (अधिकार वाला)का बीचमा गरिने सहभागितात्मक अनुगमन तथा मूल्याङ्कनको एक प्रक्रिया हो। यसले आम नागरिकहरु र अधिकारवालाहरुलाई सेवाप्रदायक संघसंस्थाहरूले गरेको कामलाई सन्तुष्टिको आधारमा निश्चित अङ्क प्रदान गरी मूल्याङ्कन गर्न सक्षम बनाउँछ। यो मुख्य रूपमा स्थानीयस्तरमा सामाजिक जवाफदेहितालाई प्रवर्धन गर्न प्रयोग गरिने एक प्रकारको औजार हो। यो औजारको प्रयोगले सेवाप्रदायक संस्थाहरूले सम्पादन गरेको काम सेवाग्राहीको दृष्टिकोणमा गुणात्मक र सन्तोषजनक छ/छैन भनी जाँच गर्न मद्धत गर्दछ। फलस्वरूप सेवाप्रदायक संस्थालाई आफु भित्र रहेका कमि कमजोरी पत्ता लगाइ भविष्यमा प्रवाह गरिने सेवाको स्तरियतालाई सुधार गर्न सहयोगि हुन्छ। यस प्रक्रियाले नागरिक तथा अधिकारवालाहरुलाई पनि आफ्ना केही सामाजिक

दायित्वहरूलाई बुझ्न मद्दत गर्दछ। दिगो विकास लक्ष्यका सुचकहरुको हालको अवस्था, प्रगति समिक्षाको आधारमा अङ्क प्रदान गर्न र समझदारी कायम गर्न तल उल्लेख गरीएका  प्रकृयाहरु अपनाइएको थियो।

### ३.१ तयारी छलफल र बैठक

दिगो विकास लक्ष्य मध्येका " **"कोही पनि पछि नछुटून**" नारा संग बढि सरोकार राख्ने ४, ५, १०, १३, १६ र १७ लक्ष्यका सुचकहरु समावेश गरी सामुदायिक अंक पत्र फारम तयार गरीएको थियो। बैठक संचालन र सहभागी छनौंट प्रक्रियावारेमा सहजकर्ताहरुका विचमा साझा बुझाई होस भनेर भिएसओ नेपाल र इस्लामिक रिलिफ नेपालका सम्वन्धित कर्मचारीहरुसंग अग्रिम छलफल र सल्लाह गरिएको थियो।

### ३.२ सेवाग्राही (अधिकारवाला) को तर्फवाट सामुदायिक अंक पत्रको समीक्षा र अंक प्रदान

सेवाग्राही (अधिकारवाला) को तर्फवाट राजदेवि नगरपालिका १३ जना नागरिक समाज, युवा तथा महिला सहभागीहरुको उपस्थितिमा दिगो विकास लक्ष्यका सुचकहरुको हालको अवस्थालाई १ देखि ५ अङ्कमा मापन गरिएको थियो। अङ्क प्रदान गर्नाको कारणहरु पनि उल्लेख गरीएको थियो। साथै महत्व र आवश्यक्ताको आधारमा भविष्यमा चाहेको अवस्थामा पुऱ्याउनको लागि १ देखि ५ अङ्क प्रदान गरीएको थियो।  भविष्यमा चाहेको अवस्था प्राप्त गर्ने समय अवधि क्रमागतरुपमा एक देखि पांच वर्ष तोकिएको छ।

### ३.३ सेवा प्रदायक  (अधिकारबाहक) को तर्फवाट सामुदायिक अंक पत्रको समीक्षा र अंक प्रदान

सेवा प्रदायक (अधिकार बाहक) का तर्फवाट १६ जना नगरपालिका/वडाका प्रतिनिधिहरु, विद्यालय, स्थानीय सरकारी कार्यालयका प्रतिनिधिहरुले हालको अवस्था र भविष्यमा चाहेको अवस्थाको लागि छुट्टा छुट्टै १ देखि ५ अङ्क प्रदान गरी सामुदायिक अङ्क पत्र तयार पारीएको थियो। यो वैठकवाट पनि अङ्क प्रदान गर्नाको कारणहरु उल्लेख गरीएको थियो।

### ३.४ सेवा ग्राही (अधिकारवाला) र सेवा प्रदायक (अधिकार बाहक) का बीचमा आमने सामने बैठक

यस बैठकमा दुबै पक्षहरुले दिइएको अंक र त्यसको कारणहरुमा छलफल गरीएको थियो। दुबै पक्षका अंक र त्यसको कारणहरुमा छलफल गरी समान धारणा कायम भएको अंक राखिएको थियो। सहजकर्ताहरुले अधिकारबाहक र अधिकारवालाहरु विच विद्यमान वुझाइमा थप स्पस्टता कायम गरी समझदारीमा पुग्न सहयोग पुऱ्याएका थिए। दुवै समुहमा तयार गरिएको सामुदायिक अङ्क पत्र सवै सहभागीहरुको आम्ने साम्ने वैठकवाट समान समझदारी कायम गर्दै अन्तिम अङ्क पहिचान गरीएको थियो। साथै अङ्क दिनुपर्ने दुवै थरीको कारणहरुमा पुन छलफल गरी केहि वुदाहरु परीमार्जन गरीएको थियो।

### ३.५ कार्य योजना निर्माण

दुवै समुहको समान धारणावाट प्राप्त अंक पत्र र भविष्यमा चाहेको अवस्थामा पुऱ्याउँनको लागि दिइएको सुझावहरुका आधारमा सम्वन्धित नगरपालिकाले मुख्य मुख्य क्रियाकलाप सहित कार्ययोजना निर्माण गरेको छ। सुधारका क्रियाकलापहरु एक देखि पांच वर्षे योजनामा समावेस गरी सुधार गर्दै लैजाने र त्यसको लागि चाहिने स्रोत साधनको जिम्वेवारी र सहयोगि संस्थाहरु समेत कार्ययोजनामा उल्लेख गरीएको छ। अंक पत्रमा उल्लेखित सुचकहरुको बार्षिक प्रगति समीक्षा गरीने योजना रहेको छ। विस्तृत जानकारीको लागि कार्ययोजना यसै प्रतिवेदनको अनसूचि ३ मा सम्लग्न गरीएको छ।

## ४. नतिजा र विश्लेषण

दिगो विकास लक्ष्य "कोही पनि पछि नछुटून" नारा संग बढि सरोकार राख्ने ४, ५, १०, १३, १६ र १७ लक्ष्यहरु संग सम्वन्धित रहेर छुट्टा छुट्टै तीनवटा वैठकहरु संचालन गरी हरेक सुचकहरुको छलफल र प्रस्टाँइ पछि प्रगतिको आधारमा

१-५ अंकभार प्रदान गरीएको थियो । सेवा ग्राही, सेवा प्रदायक र आमने सामने संयुक्त वैठकवाट वर्तमान अवस्था र भविष्यमा देख्न चाहेको अवस्था उपशिर्षक ४.१ देखि ४.७ सम्म प्रस्तुत गरीएको छ ।

### *४.१ दिगो विकास लक्ष्य ४-समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरू प्रवर्धन गर्ने*

तालिका १ मा उल्लेख भए अनुसार कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रहरूको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात धेरै राम्रो पाइयो भने कक्षा १२ सम्म पुग्ने अनुपात कमजोर देखियो । आर्थिक अवस्था कमजोर, वाल विवाह, घरेलु काम र चेतनाको कमिले गर्दा कक्षा १ मा भर्ना भएका छात्राहरू कक्षा १२ सम्म पुग्ने अनुपात कमि देखियो । पूर्व बाल्यकाल शिक्षामा उपस्थिति/हाजिरीको (कुल भर्ना) प्रतिशत राम्रो देखियो । प्राविधिक र व्यावसायिक शिक्षा र उच्च शिक्षा (स्नातक तह) मा छात्राहरूको भर्ना अनुपातमा कमि भएको पाइयो । त्यसैगरी प्राविधिक तथा व्यावसायिक तालिमप्राप्त युवा तथा वयस्कहरूमा पनि कमि रहेको पाइयो । उपयुक्त तालिमको व्यवस्था नहुनु र तालिम प्राप्त गरेपनि रोजगारी नपाउने कारणले गर्दा युवा तथा वयस्कहरू उत्साहित नहुने पाइयो । विद्युत, इन्टरनेट, खानेपानी, ढलनिकास र सरसफाई, अपाङ्गमैत्री संरचना/सुविधा वा  पहुँच भएका विद्यालयहरूमा हालको अवस्था राम्रो देखिए पनि अपाङ्गमैत्री संरचना नभएको पाइयो । पूर्व प्राथमिक,  प्राथमिक र माध्यामिक शिक्षामा तालिम प्राप्त शिक्षकहरूको अनुपात (कुल शिक्षकको प्रतिशत) राम्रो देखियो तर पुनर्ताजगी तालिम आवस्यक रहेको पाइयो । साक्षरता र भर्ना अभियानले गर्दा १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर (प्रतिशत) राम्रो भएको पाइयो । कम अंकभार प्रदान गरीएका सुचकहरुको वर्तमान अवस्थावाट प्रगति गर्नको लागि विद्यार्थी भर्ना अभियान, बालबालिकाको लागि जनचेतना, प्राविधिक शिक्षामा पहुँच र गुणस्तरमा सुधार गर्ने, विद्यालयको गुणस्तर र भौतिक संरचनाहरुको सुधार गर्ने कृयाकलापहरु कार्ययोजना (अनसूचि ३) मा उल्लेख गरीएको छ ।

*तालिका १ : दिगो विकास लक्ष्य ४का सूचकहरुमा सेवा ग्राही, सेवा प्रदायक र आमने सामने संयुक्त वैठकवाट समिक्षा र अंकभार प्रदान*

| **राष्ट्रिय सूचकहरु** | **सेवा ग्राही (अधिकार वाला)वाट समीक्षा** | | **सेवा प्रदायक (अधिकार वाहक)वाट समीक्षा** | | **आमने सामने संयुक्त वैठक वाट समीक्षा** | |
|---|---|---|---|---|---|---|
| | **वर्तमान अवस्था १-५** | **भविष्यको अवस्था १-५** | **वर्तमान अवस्था १-५** | **भविष्यको अवस्था १-५** | **वर्तमान अवस्था १-५** | **भविष्यको अवस्था १-५** |
| कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रहरूको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात | ४ | ५ | ३ | ४ | ३ | ४ |
| कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रहरूको तुलनामा) कक्षा १२ सम्म पुग्ने अनुपात | २ | ३ | २ | ४ | २ | ३ |
| पूर्व बाल्यकाल शिक्षामा उपस्थिति/हाजिरी (कुल भर्ना) (प्रतिशत) | ३ | ४ | ४ | ५ | ३ | ४ |
| प्राविधिक र व्यावसायिक शिक्षामा छात्राहरूको भर्ना अनुपात | २ | ४ | २ | ३ | २ | ३ |
| उच्च शिक्षा (स्नातक तह) मा छात्राहरूको भर्ना अनुपात | २ | ३ | २ | ३ | २ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्राविधिक तथा व्यावसायिक तालिमप्राप्त युवा तथा वयस्कहरू | ३ | ४ | २ | ४ | २ | ३ |
| प्राथमिक र माध्यामिक शिक्षामा छात्र र छात्राहरूको पहुँचमा अनुपात | ३ | ४ | ४ | ४ | ३ | ४ |
| विद्युत, इन्टरनेट, खानेपानी, ढलनिकास र सरसफाई, अपाङ्गमैत्री संरचना/सुविधा वा पहुँच भएका विद्यालयहरू (प्रतिशत) | ३ | ४ | ३ | ४ | ३ | ४ |
| पूर्व प्राथमिक, प्राथमिक र माध्यामिक शिक्षामा तालिम प्राप्त शिक्षकहरूको अनुपात (कुल शिक्षकको प्रतिशत) | २ | ३ | ३ | ४ | ३ | ४ |
| १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर (प्रतिशत) | ३ | ४ | ४ | ४ | ३ | ४ |

## ४.२ दिगो विकास लक्ष्य ५- लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउने

तालिका २ मा उल्लेख भएका दिगो विकास लक्ष्य ५ का धेरै जसो सूचकहरुको हालको अवस्था सामान्यस्तरमा रहेको छ । समान कामका लागि ज्याला/पारिश्रमिकमा महिला र पुरुषबीच समानता देखिए पनि ग्रामिण तहमा केहि असमानता कायमै छ । लैङ्गिक सशक्तीकरण, नेतृत्वदायी भूमिकामा महिलाहरूको स्थीति राम्रो हुनुमा नीतिगत प्रावधान र सहज वातावरण वन्दै गरेको अभिव्यक्ति पाइयो । शारीरिक/यौनहिंसा अनुभव गरेका १५ देखि ४९ वर्षसम्मका महिलाहरूको प्रतिशत सामन्य रहेको पाइयो । डर त्रासको कारणले हिंसा भएका घटनाहरु वाहिर नल्याउने प्रचलन कायम रहेको छ । विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरूको प्रतिशत धेरै रह्को पाइयो । निजी क्षेत्र, सहकारी र सार्वजनिक सेवाको नीतिनिर्माण तहमा महिलाहरूको सहभागिता कम पाइयो भने किशोरीहरू र महिलाहरूमा प्रजनन अधिकारहरूको बारेमा सजगता र १५ देखि ४९ वर्ष उमेर समूहका महिलामा यौन सम्वन्ध, परीवार नियोजनको प्रयोग, प्रजनन स्वास्थ्य र प्रजनन अधिकारहरूको निर्णय गर्ने महिलाको अनुपातमा हालको स्थिति राम्रो दखिन्छ । यौन तथा प्रजनन स्वास्थ्य वारेमा तालिम गोष्ठिको माध्यमवाट चेतना बढेको अभिव्यक्ति समूह छलफलवाट आएको थियो । गरिब, विभेद गरिएका र सामाजिक समूहहरूले यौनस्वास्थ्य हेरचाहमा पाएका विषेश सहयोग र सेवाका प्रावधानहरूमा सुधार भएको पाइयो । दिगो विकास लक्ष्य ५का सूचकहरु चाहेको अवस्थामा पुऱ्याउँनको लागि श्रमशक्तिमा महिला पुरुषको समान अवसरमा बृद्धि गर्नका लाीग जनचेतना र अभ्यासमा जोड दिने, लैङ्गिक यौन हिंसा न्युनिकरणका लागि जनचेतना र महिला नेतृत्व तथा सशक्तिकरण तालिम संचालन गर्ने कृयाकलापहरु समावेश गरी कार्ययोजना वनाइएको छ ।

तालिका २ : *दिगो विकास लक्ष्य ५का सूचकहरुमा सेवा ग्राही, सेवा प्रदायक र आमने सामने संयुक्त वैठकवाट समिक्षा, र अंकभार प्रदान*

| **राष्ट्रिय सूचकहरु** | **सेवा ग्राही (अधिकार वाला)वाट समीक्षा** | | **सेवा प्रदायक ( अधिकार वाहक)वाट समीक्षा** | | **आमने सामने संयुक्त वैठक वाट समीक्षा** | |
|---|---|---|---|---|---|---|
| | **वर्तमान अवस्था १-५** | **भविष्यको अवस्था १-५** | **वर्तमान अवस्था १-५** | **भविष्यको अवस्था १-५** | **वर्तमान अवस्था १-५** | **भविष्यको अवस्था १-५** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| समान कामका लागि ज्याला/पारिश्रमिकमा समानता (महिला र पुरुषबीच ज्यालाको अनुपात) | ३ | ४ | ३ | ४ | ३ | ४ |
| लैङ्गिक सशक्तीकरण मापन - नेतृत्व, प्रतिनिधित्व र सहभागिता | २ | ३ | ३ | ४ | ३ | ४ |
| शारीरिक/यौनहिंसा अनुभव गरेका १५ देखि ४९ वर्षसम्मका महिलाहरूको (प्रतिशत) | ३ | ४ | २ | ३ | २ | ३ |
| विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरू (प्रतिशत) | ३ | ४ | २ | ४ | २ | ४ |
| श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात | २ | ३ | २ | ४ | २ | ३ |
| महिलाहरूले प्रादेशिक र राष्ट्रिय संसदमा ओगटेका पदहरूको (प्रतिशत) | २ | ३ | २ | ४ | २ | ३ |
| महिलाहरूले स्थानीय सरकारहरूमा ओगटेका पदहरूको (प्रतिशत) | ३ | ४ | ३ | ४ | ३ | ४ |
| निजी क्षेत्र, सहकारी र सार्वजनिक सेवाको नीतिनिर्माण तहमा महिलाहरूको सहभागिता (प्रतिशत) | २ | ३ | २ | ४ | २ | ३ |
| किशोरीहरू र महिलाहरूमा प्रजनन अधिकारहरूको बारेमा सजगता (प्रतिशत) | २ | ३ | ३ | ४ | ३ | ४ |
| १५ देखि ४९ वर्ष उमेर समूहका महिलामा यौन सम्वन्ध, परीवार नियोजनको प्रयोग, प्रजनन स्वास्थ्य र प्रजनन अधिकारहरूको निर्णय गर्ने महिलाको अनुपात | २ | ३ | ३ | ४ | ३ | ४ |
| गरिब, विभेद गरिएका र सामाजिक समूहहरूले यौनस्वास्थ्य हेरचाहमा पाएका विषेश सहयोग र सेवाका प्रावधानहरू (प्रतिशत) | २ | ३ | ३ | ४ | ३ | ४ |

### ४.३ दिगो विकास लक्ष्य १०- देशभित्रै तथा देशहरूबीचको असमानता हटाउने

तालिका ३ मा उल्लेखित दिगो विकास लक्ष्य १० को सूचक स्थानीय स्तरको आयमा असमानता भएको पाइयो, यसको कारण धनि र गरीव साथै महिला र पुरुष विचको आयमा भिन्नता नै मुख्य हो । त्यसै गरी लिङ्ग, उमेर र अपाङ्गताको आधारमा सामाजिक र राजनीतिक सशक्तीकरण सामन्य रहेको पाइयो । यसको मुख्य कारणमा समावेसी रुपमा अपाङ्गतालाइ पनि समान रुपमा संवेदनशील नहुनु हो । पुड्कोपना नभएका बालबालिकाहरू (सबैभन्दा धनी र सबैभन्दा गरिब पञ्चमकको अनुपात) राम्रै देखिन्छ तर पनि धनि र गरीव विचको आयमा भिन्नताले केहि असर परेको देखिन्छ । दिगो विकास लक्ष्य १० का सूचकहरुमा क्रमिक सुधार गर्दै लैजानको लागि अगामि वर्षहरुको योजना कार्यक्रममा समावेश गरी सूचाङ्क वृद्धि गर्दै लैजान सहभागीहरुले कार्ययोजना वनाएका छन् । स्वरोजगार सृजना गर्न आय आर्जन कार्यक्रम बढाउँने, उमेर समुह र अपाङ्गताको आधारमा सामाजिक तथा आर्थिक सशक्तिकरणका

कार्यक्रमहरु जस्तै उमेर समुह र अपाङ्गताको आधारमा सहभागिता र प्रतिनिधित्वमा वृद्धि गर्ने, आर्थिक कृयापलापमा उनीहरुलाइ समावेश गर्ने कुराहरु कृयाकलापहरु कार्ययोजनामा समावेश गरीएको छ ।

*तालिका ३ : दिगो विकास लक्ष्य १०का सूचकहरुमा सेवा ग्राही, सेवा प्रदायक र आमने सामने संयुक्त वैठकवाट समिक्षा र अंकभार प्रदान*

| **राष्ट्रिय सूचकहरु** | **सेवा ग्राही (अधिकार वाला)वाट समीक्षा** | | **सेवा प्रदायक (अधिकार वाहक)वाट समीक्षा** | | **आमने सामने संयुक्त वैठक वाट समीक्षा** | |
|---|---|---|---|---|---|---|
| | **वर्तमान अवस्था १-५** | **भविष्यको अवस्था १-५** | **वर्तमान अवस्था १-५** | **भविष्यको अवस्था १-५** | **वर्तमान अवस्था १-५** | **भविष्यको अवस्था १-५** |
| आयमा असमानता | २ | ३ | २ | ३ | २ | ३ |
| लिङ्ग, उमेर र अपाङ्गताको आधारमा सामाजिक सशक्तीकरण | २ | ३ | ३ | ४ | २ | ३ |
| लिङ्ग, उमेर र अपाङ्गताको आधारमा आर्थिक सशक्तीकरण | ३ | ४ | ३ | ४ | ३ | ४ |
| लिङ्ग, उमेर र अपाङ्गताको आधारमा राजनीतिक सशक्तीकरण | २ | ३ | २ | ३ | २ | ३ |
| पुड्कोपना नभएका बालबालिकाहरू (सबैभन्दा धनी र सबैभन्दा गरिब पञ्चमकको अनुपात) | ३ | ४ | ४ | ५ | ३ | ४ |

## ४.४ दगो विकास लक्ष्य १३ - जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न (Combat) तत्काल कार्य अघि बढाउने

तालिका ४ मा उल्लेखित दिगो विकास लक्ष्य १३ का सवै जसो सूचकहरुको हालको अवस्था सामान्य स्तरमा रहेको पाइयो । जलवायु परीवर्तन र अनुकूलन योजना वारे स्थानीय र समुदाय तहमा साधारण छलफल गर्ने गरेको भए पनि व्यवस्थीत योजना र कार्यन्वयन भएको पाइएन । जलवायु परिवर्तनलाई कम गर्न, अनुकूलन गर्न, असर घटाउँन र पूर्वसावधानी अपनाउने कार्यहरु समावेश गरेका विद्यालयहरु (पाठ्यक्रम र अभ्यास) र समुदायहरुको स्थिति सामन्य छ । यस कार्यलाइ प्रभावकारी वनाउँन विद्यालयहरुले व्यवहारीक अभ्यासहरुलाइ बढवा दिनु पर्ने देखिन्छ । जलवायु परिवर्तनसम्बन्धी शिक्षालाई समावेश गरेका विद्यालयहरूको अनुपात (प्रतिशत) सामन्य पाइयो । विद्यालयहरूमा जलवायु परिवर्तन, यसको असर र पूर्वसावधानी अपनाउन गरीने ज्ञान, सीप र प्रयोगात्मक अभ्यासहरु बढाउँनु पर्ने देखिन्छ ।

स्थानीय अनुकुलन योजना सम्बन्धि जनचेतनमुलक कार्यक्रम बढाउनु पर्ने, स्थानीय अनुकुलन योजना निमार्ण गर्ने र कार्यन्वयन गर्ने, विद्यालयहरुमा वातावरण/अनुकुलन विषय सम्बन्धि

समावेश भएका विषयहरुमा प्रयोगात्मक रुपमा अभ्यास गर्नुपर्ने कार्ययोजनामा समावेश गरीएको छ ।

तालिका ४ : दिगो विकास लक्ष्य १३ का सूचकहरुमा सेवा ग्राही, सेवा प्रदायक र आमने सामने संयुक्त वैठकवाट समिक्षा र अंकभार प्रदान

| राष्ट्रिय सूचकहरु | सेवा ग्राही (अधिकार वाला)वाट समीक्षा | | सेवा प्रदायक (अधिकार वाहक)वाट समीक्षा | | आमने सामने संयुक्त वैठक वाट समीक्षा | |
|---|---|---|---|---|---|---|
| | वर्तमान अवस्था १-५ | भविष्यको अवस्था १-५ | वर्तमान अवस्था १-५ | भविष्यको अवस्था १-५ | वर्तमान अवस्था १-५ | भविष्यको अवस्था १-५ |
| स्थानीय अनुकूलन योजना तर्जुमा ( गाउँ परिषद्हरूको सङ्ख्या) | २ | ३ | ३ | ४ | २ | ३ |
| समुदाय तहमा अनुकूलन योजना | २ | ३ | २ | ३ | २ | ३ |
| अनुकूलन योजनाको कार्यान्वयन | २ | ३ | २ | ३ | २ | ३ |
| जलवायु परिवर्तनलाई कम गर्न, अनुकूलन गर्न, असर घटाउन र पूर्वसावधानी अपनाउने कार्यहरु समावेश गरेका विद्यालयहरु ( पाठ्यक्रम र अभ्यास) र समुदायहरु | २ | ३ | २ | ३ | २ | ३ |
| जलवायु परिवर्तनसम्बन्धी शिक्षालाई समावेश गरेका विद्यालयहरूको अनुपात (प्रतिशत) | २ | ३ | ३ | ४ | २ | ३ |

### ४.५ दिगो विकास लक्ष्य १६ - दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरू निर्माण गर्ने

तालिका ५ मा उल्लेख भएका सूचकहरुको समिक्षा गर्दा विगत १२ महिनाको अवधिमा मनोवैज्ञानिक त्रास/आक्रमण वा शारीरिक हिंसा साथै १८-२९ वर्ष समूहका महिला यौन हिंसाको अनुभव गरेका जनसंख्याको (प्रतिशत) धेरै रहेको पाइएन । खास गरी मनोवैज्ञानिक त्रास/आक्रमण वा शारीरिक हिंसा र महिला यौन हिंसा सम्वन्धि खुलेर वाहिर आउने प्रचलन नभएको छलफलवाट थाहा भयो । सार्वजनिक तहमा सहभागिता, जवाफदेहीता र भ्रष्टाचार रहितको स्थिति, भ्रष्टाचार नियन्त्रणको लागि सूशासन अभ्यास र भ्रष्टाचारको विषयमा व्यक्तिहरुको चेतना र यस सम्वन्धिको धारणा राम्रो भएको पाइयो । राम्रो हुनुको कारणमा समावेसी सहभागिता, भ्रष्टाचार नियन्त्रणको लागि सार्वजनिक सुनुवाइ र लेखा परीक्षणको अभ्यास प्रयासहरु गरेको पाइयो । अपाङ्गताको आधारमा सवावेसी नेतृत्वमा सुधार गर्नु पर्ने देखिन्छ । सार्वजनिक सेवामा हालसालै सन्तुष्टि अनुभव गर्ने जनसंख्याको (प्रतिशत) राम्रो पाइयो । यसको कारण स्थानीय सरकारवाट सर्वसुलभ सेवा उपलब्ध गराउनु हो । सार्वजनिक संस्थाहरुमा जिम्वेवारी लिने व्यक्तिहरुको अनुपात (लिङ्ग, उमेर, अपाङ्गता र जनसाङ्ख्यिक समूहअनुसार) सुधार गर्नु पर्ने देखिन्छ । साथै सार्वजनिक संस्थाहरुमा निर्णय गर्ने जिम्वेवारी भूमिका लिने महिलाहरुको अनुपातमा पनि कमि  रहेको छ ।

दिगो विकास लक्ष्य १६का सूचकहरुमा थप प्रगतिको लागि मनोसामाजिक विमर्श तथा घरेलु हिंसा न्युनिकरण सम्वन्धि तालिम, शुसासनका अभ्यासहरु प्रयोगमा ल्याउने जस्तै सार्वजनिक लेखा परिक्षण, सुचनाबोर्ड, सामाजिक परिक्षण, लिङ्ग उमेर र अपाङ्गताको आधारमा समानुपातिक नेतृत्व वढाउँनुपर्ने कृयाकलापहरु कार्ययोजनामा समावेश गरीएको छ ।

तालिका ५ : दिगो विकास लक्ष्य १६का सूचकहरुमा सेवा ग्राही, सेवा प्रदायक र आमने सामने संयुक्त वैठकवाट समिक्षा र अंकभार प्रदान

| राष्ट्रिय सूचकहरु | सेवा ग्राही (अधिकार वाला)वाट समीक्षा | | सेवा प्रदायक (अधिकार वाहक)वाट समीक्षा | | आमने सामने संयुक्त वैठक वाट समीक्षा | |
|---|---|---|---|---|---|---|
| | वर्तमान अवस्था १-५ | भविष्यको अवस्था १-५ | वर्तमान अवस्था १-५ | भविष्यको अवस्था १-५ | वर्तमान अवस्था १-५ | भविष्यको अवस्था १-५ |
| विगत १२ महिनाको अवधिमा मनोवैज्ञानिक त्रास/आक्रमण वा शारीरिक हिंसाको अनुभव गरेका जनसंख्याको (प्रतिशत) | २ | ३ | ३ | ४ | ३ | ४ |
| १८ वर्षको उमेरभन्दा अगाडि १८-२९ वर्ष समूहका महिला यौन हिंसाको अनुभव गरेका (प्रतिशत) | २ | ३ | ३ | ४ | ३ | ४ |
| सार्वजनिक तहमा सहभागिता, जवाफदेहीता र भ्रष्टाचार रहितको स्थिति | २ | ३ | ३ | ४ | ३ | ४ |
| भ्रष्टाचार नियन्त्रणको लागि सूशासन अभ्यास | ३ | ४ | ३ | ४ | ३ | ४ |
| भ्रष्टाचारको विषयमा व्यक्तिहरुको धारणा | २ | ३ | ३ | ४ | ३ | ४ |
| सार्वजनिक सेवामा हालसालै सन्तुष्टि अनुभव गर्ने जनसंख्याको (प्रतिशत) | ४ | ४ | ३ | ४ | ३ | ४ |
| सार्वजनिक संस्थाहरुमा जिम्वेवारी लिने व्यक्तिहरुको अनुपात (लिङ्ग, उमेर, अपाङ्गता र जनसाङ्ख्यिक समूहअनुसार) | २ | ३ | २ | ३ | २ | ३ |
| सार्वजनिक संस्थाहरुमा निर्णय गर्ने जिम्वेवारी भूमिका लिने महिलाहरुको अनुपात | ३ | ४ | ३ | ४ | २ | ३ |

### ४.६ दिगो विकास लक्ष्य १७ - दिगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनर्जीवन दिने

तालिका ६ मा उल्लेख गरीएका दिगो विकास लक्ष्यका सूचकहरु मध्ये इन्टरनेट घनत्व नगरपालिका र सवै वडाहरुमा राम्रो अवस्थामा रहेको पाइयो । ५ वर्ष मुनिका बालबालिकाको जन्मदर्ता भएको (प्रतिशत)को स्थिति साह्रै राम्रो पाइयो । यसको उप्लव्धिमा सहयोगि स्वास्थ संस्थाहरु र स्वास्थ स्वयमसेवीकाहरुको भूमिका राम्रो रहेको देखिन्छ । इन्टरनेट सुविधाको थप विस्तार र गुणस्तर सुधार्नको लागि निजि क्षेत्रसंगको सहकार्य र समन्वय बढाउँने कार्ययोजनामा उल्लेख गरीएको छ ।

तालिका ६ : दिगो विकास लक्ष्य १७ का सूचकहरुमा सेवा ग्राही, सेवा प्रदायक र आमने सामने संयुक्त वैठकवाट समिक्षा र अंकभार प्रदान

| **राष्ट्रिय सूचकहरु** | **सेवा ग्राही (अधिकार वाला)वाट समीक्षा** | | **सेवा प्रदायक (अधिकार वाहक)वाट समीक्षा** | | **आमने सामने संयुक्त वैठक वाट समीक्षा** | |
|---|---|---|---|---|---|---|
| | **वर्तमान अवस्था १-५** | **भविष्यको अवस्था १-५** | **वर्तमान अवस्था १-५** | **भविष्यको अवस्था १-५** | **वर्तमान अवस्था १-५** | **भविष्यको अवस्था १-५** |
| कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल तिर्न बाँकी ऋण (प्रतिशत) | ० | ० | ० | ० | ० | ० |
| इन्टरनेट घनत्व (प्रति १०० जना) | ३ | ४ | ३ | ४ | ३ | ४ |
| ५ वर्ष मुनिका बालबालिकाको जन्मदर्ता भएको (प्रतिशत) | ४ | ५ | ४ | ५ | ४ | ५ |

४ .७ दिगो विकास लक्ष्यको प्रभावकारी कार्यन्वयनमा अन्य उपायहरू

तालिका ७ मा समावेश गरीएका दिगो विकास लक्ष्यको प्रभावकारी कार्यन्वनका अन्य सूचकहरु मध्ये सार्वजनिक र निजि क्षेत्रको योजना निर्माणमा लैङ्गिकउन्मुख बजेटको अनुपात सामन्य रहेको पाइयो । लैङ्गिकउन्मुख कार्यक्रम निर्माण र बजेट विनियोजनमा एक रुपता नभएको पाइयो । सार्वजनिक क्षेत्र र निजि क्षेत्रको दिगो विकास लक्ष्य उन्मुख कार्यक्रम र सूचक समावेश गर्ने संख्या सामन्य रहेको छ । दिगो विकास लक्ष्यका सूचकहरुलाइ कार्यक्रममा समावेश गर्ने र नतिजा सुचाङ्कको आधारमा समिक्षा गर्दा अझ बढि प्रभावकारी हुने देखिन्छ । दिगो विकास लक्ष्य उप्लव्धिमा स्वास्थ स्वयंसेवकहरुको योगदान राम्रो रहेको पाइयो । अन्य स्वयंसेवकहरुको भने प्रत्यक्ष योगदान रहेको पाइएन । नीजि क्षेत्रवाट गरीने सामाजिक उत्तरदायित्वमा लगानी बृद्दि गर्ने, दिगो विकास लक्ष्य कार्यन्वयन लक्षित स्वयंमसेवकहरु परिचालन गर्न प्रदेश र संघिय सरकार संग समन्वय गर्ने र सम्वन्धित नगरपालिकाले वार्षिक रुपमा पुनरावलोकन गोष्ठी संचालन गर्ने कार्ययोजनामा उल्लेख गरीएको छ ।

तालिका ७ : दिगो विकास लक्ष्यको प्रभावकारी कार्यन्वनका अन्य सूचकहरुमा सेवा ग्राही, सेवा प्रदायक र आमने सामने संयुक्त वैठकवाट समिक्षा र अंकभार प्रदान

| **राष्ट्रिय सूचकहरु** | **सेवा ग्राही (अधिकार वाला) वाट समीक्षा** | | **सेवा प्रदायक (अधिकार वाहक) वाट समीक्षा** | | **आमने सामने संयुक्त वैठक वाट समीक्षा** | |
|---|---|---|---|---|---|---|
| | **वर्तमान अवस्था १-५** | **भविष्यको अवस्था १-५** | **वर्तमान अवस्था १-५** | **भविष्यको अवस्था १-५** | **वर्तमान अवस्था १-५** | **भविष्यको अवस्था १-५** |
| सार्वजनिक र निजि क्षेत्रको योजना निर्माणमा लैङ्गिकउन्मुख बजेटको अनुपात (महिलाहरूलाई प्रत्यक्ष रूपमा फाइदा पुग्ने) (प्रतिशत) | २ | ३ | २ | ३ | २ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सार्वजनिक क्षेत्रको दिगो विकास लक्ष्य उन्मुख कार्यक्रम समावेश गर्ने संख्या | २ | ३ | २ | ३ | २ | ३ |
| निजि क्षेत्रको नतिजा सुचाङ्कमा दिगो विकास लक्ष्य सूचक समावेश गर्ने संख्या | २ | ३ | २ | ३ | २ | ३ |
| सार्वजनिक क्षेत्रको नतिजा सुचाङ्कमा दिगो विकास लक्ष्य सूचक समावेश गर्ने संख्या | २ | ३ | २ | ३ | २ | ३ |
| दिगो विकास लक्ष्य उप्लब्धिमा स्वयमसेवकहरुको योगदान | ३ | ४ | ३ | ४ | ३ | ४ |

## ५. सिफारीस

सामुदायिक अङ्कपत्र सामान्यतया स्थानीय तहमा सेवाप्रवाह गर्ने संघसंस्थाहरूको सामाजिक जवाफदेहिताको सहभागितमूलक तरिकाले आँकलन गर्ने एक औजार वा विधि हो । सामुदायिक अङ्कपत्रलाई आवश्यक्ता अनुसार अन्य क्षेत्रमा पनि प्रयोग गर्न सकिन्छ । हामीले यहां दिगो विकास लक्ष्यका राष्ट्रिय सुचकहरुको प्रगती आंकलन गर्न यस औजारको प्रयोग गरीएको छ । यो औजार प्रयोग गरी कुनै सेवा वा कार्यक्रमको मुल्याङ्कन गर्दा आयोजक संस्थाले सेवा ग्राही (अधिकार वाला), सेवा प्रदायक (अधिकार बाहक) र अन्य साझेदारी संस्थाहरुको सहभागिता गराउँनु आवस्यक छ । साथै समावेशी सहभागिताको लागि वैठकहरुमा वालाउँदा नै स्थानीय सरकार, सरोकारवाला निकाय तथा समूदाय बाट युवा, दलित, जनजाती तथा महिला प्रतिनिधिहरुको सहभागिता हुने कुरा सुनिश्चित गर्नु पर्दछ । यो तालिम कार्यक्रम जस्तो नभएको हुनाले यसको विषयमा सहभागीहरुलाइ अग्रिम जानकारी गराउनु आवश्यक छ ।

दिगो विकास लक्ष्य एल.एन.ओ.वी.को सिद्धान्त अनुरुप कार्यन्वयन गर्न संघिय, प्रदेश र स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुने भएकोले यसको तयारी र विधि प्रकृयामा शुरु देखिनै उनीहरु संग समन्वय र सहकार्य गर्नु जरुरी रहन्छ । साथै कार्ययोजनाको कार्यान्वयन भए नभएको जानकारी लिन र सम्बन्धित निकायहरुलाई झक्झक्याउन पनि वार्षिक रुपमा पुनरावलोकन गर्नु आवश्यक छ । उद्देश्य र वैठक संचालन गर्ने ठाउँको परीस्थिति अनुसार यो कार्यक्रम संचालन गर्न कम्तिमा २ देखि ३ दिन सम्म लाग्दछ । यो प्रकृया कुनै विषय वस्तुहरुसंग सम्वन्धित रहेर सहजीकाण गर्नुपर्ने भएको हुनाले सम्वन्धित विषयको जानकार व्यक्तिहरुवाट सहजीकरण गर्दा प्रभावकारी हुने देखिन्छ ।

## ६. निष्कर्ष

संयुक्त राष्ट्रसंङ्घले सन् २०१५ सेप्टेम्बर मा दिगो विकास लक्ष्यलाई **“कोही पनि पछि नछुटून”** नारा सहित सबैभन्दा कमजोर वर्गमा सबभन्दा पहिला पुग्ने र समाजका सबै वर्गहरूलाई माथि उठाउने उद्देश्य राखेको छ । इस्लामिक रिलिफ नेपाल “कोही पनि पछि नछुटून” (लिभ नो वन विहाइन्ड) कन्सोटियम संस्था भएको कारणले भीएसओ नेपालको समन्वयमा रौतहट जिल्लाको परीयोजना क्षेत्रमा दिगो विकास लक्ष्यहरु मध्ये कोही पनि पछि नछुटून अभियान संग सम्वन्धित दिगो विकास लक्ष्य ४, ५, १०, १३, १६ र १७ का सुचकहरुको सामुदायिक अङ्कपत्र र सामुदायिक सम्बांदको माध्यमवाट तथ्याकं संकलन र समिक्षा गर्ने उद्धेश्य राखेको थियो ।

सोहि अनुरुप रौतहट जिल्लाको राजदेवि नगरपालिका सेवा ग्राही (अधिकार वाला) र सेवा प्रदायक (अधिकार बाहक) का प्रतिनीधिहरुवाट माथि उल्लेखित ६वटा दिगो विकास लक्ष्यका सुचकहरुको सामुदायिक अङ्कपत्र र सामुदायिक सम्बांदको माध्यमवाट प्रगति समिक्षा गरी अंक प्रदान गरीएको थियो । छलफल र संवादको आधारमा निम्न निष्कर्ष निकालिएको छ ।

दिगो विकास लक्ष्य ४ (समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरू प्रवर्धन गर्ने) मुख्य सूचकहरुको प्रगति सामन्य रहेको पाइयो। कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रहरूको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात र पूर्व बाल्यकाल शिक्षामा उपस्थिति/हाजिरी (कुल भर्ना) (प्रतिशत) राम्रो देखियो भने कक्षा १२ सम्म पुग्ने अनुपात, प्राविधिक र व्यावसायिक शिक्षामा छात्राहरूको भर्ना अनुपात र उच्च शिक्षा (स्नातक तह) मा छात्राहरूको भर्ना अनुपात सामन्य रहेको पाइयो। आर्थिक अवस्था कमजोर हुनु र छिटै विवाह भएर पढाइ छाड्नु पर्ने कारणले कक्षा १२ र उच्च शिक्षा सम्म पुग्ने दरमा केहि कमि रहेको पाइयो।

दिगो विकास लक्ष्य ५ का (लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउने) धेरै सूचकहरुको अवस्था राम्रो रहेको पाइयो। लैङ्गिक सशक्तीकरण, नेतृत्वदायी भूमिकामा महिलाहरूको स्थीति राम्रो हुनुमा नीतिगत प्रावधान र सहज वातावरण वन्दै गइ रहेको स्थीती पाइयो। निजी क्षेत्र, सहकारी र सार्वजनिक सेवाको नीतिनिर्माण तहमा महिलाहरूको सहभागिता कम देखियो भने किशोरीहरू र महिलाहरूमा प्रजनन अधिकारहरूको बारेमा सजगता र १५ देखि ४९ वर्ष उमेर समूहका महिलामा यौन सम्वन्ध, परीवार नियोजनको प्रयोग, प्रजनन स्वास्थ्य र प्रजनन अधिकारहरूको निर्णय गर्ने महिलाको अनुपातमा हालको स्थिति राम्रो दखिन्छ।

दिगो विकास लक्ष्य १० (देशभित्रै तथा देशहरूबीचको असमानता हटाउने) सूचकहरुमा स्थानीय स्तरको आयमा असमानता भएको पाइयो, यसको कारण धनि गरीव र महिला पुरुष विचको आयमा भिन्नता हुनु हो। त्यसै गरी लिङ्ग, उमेर र अपाङ्गताको आधारमा आर्थिक सशक्तीकरणमा प्रगति राम्रो भए पनि सामाजिक र राजनीतिक सशक्तीकरण सामन्य रहेको पाइयो। यसको मुख्य कारणहरुमा विभेद कायमै रहनु, राजनीतिक पार्टीहरु सशक्तीकरणका आयम प्रति संवेदनशील नहुनु हो।

दिगो विकास लक्ष्य १३ (जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने) सूचकहरु स्थानीय र समुदाय तहमा अनुकूलन योजनाको तयारी र कार्यन्वयनमा सुधार गर्नु पर्ने देखिन्छ। त्यसै गरी जलवायु परिवर्तनलाई कम गर्न, अनुकूलन गर्न, असर घटाउँन र पूर्वसावधानी अपनाउँने कार्यहरु समावेश गरेका विद्यालयहरु (पाठ्यक्रम र अभ्यास) र समुदायहरुको स्थिति सामन्य रहेको छ। सुधारको लागि ज्ञान, सीप र अभ्यास बढाउँनुपर्ने देखिन्छ।

दिगो विकास लक्ष्य १६ को (दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्धन गर्ने) सूचकहरुको समिक्षा गर्दा विगत १२ महिनाको अवधिमा मनोवैज्ञानिक त्रास/आक्रमण वा शारीरिक हिंसाको स्थिती अनुभव भएको पाइएन। कोभिड १९ वाट भएको त्रास हाल पनि यथावत नै छ। मनोवैज्ञानिक त्रास/आक्रमण वा शारीरिक हिंसा र महिला यौन हिंसाको वारेमा खुलेर वाहिर आउने नभएकोले स्थीति राम्रो देखिन्छ। सार्वजनिक तहमा सहभागिता, जवाफदेहीता र भ्रष्टाचार रहितको स्थिति, भ्रष्टाचार नियन्त्रणको लागि सूशासन अभ्यास र भ्रष्टाचारको विषयमा व्यक्तिहरुको चेतना र यस सम्वन्धिको धारणा राम्रो पाइयो। सार्वजनिक संस्थाहरुमा जिम्वेवारी लिने व्यक्तिहरुको अनुपात (लिङ्ग, उमेर, अपाङ्गता र जनसाङ्ख्यिक समूहअनुसार) सामन्य रहेको पाइयो।

दिगो विकास लक्ष्य १७ (दिगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनर्जीवन दिने) सूचकहरुको समिक्षामा खासगरी ५ वर्ष मुनिका बालबालिकाको जन्मदर्ता धेरै राम्रो भएकोमा स्वास्थ स्वयंसेवकहरुको सक्रिय भूमिका रहेको पाइयो। नगरपालिका र सवै वडाहरुमा इन्टरनेट घनत्व राम्रो भएको पाइयो।

दिगो विकास लक्ष्यको प्रभावकारी कार्यन्वयनका अन्य सूचकहरु जस्तै सार्वजनिक र निजि क्षेत्रको योजना निर्माणमा लैङ्गिकउन्मुख बजेटको अनुपात, सार्वजनिक र नीजि क्षेत्रको दिगो विकास लक्ष्य उन्मुख कार्यक्रम समावेश गर्ने संख्या सामन्य रहेको पाइयो। दिगो विकास लक्ष्यको प्रभावकारी कार्यन्वयनको लागि योजनावद्ध रुपमा कार्यक्रम तय गर्ने र आवधिक रुपमा अनुगमन मुल्याङ्कन भएमा थप प्रगति हुने देखिन्छ। साथै जिम्मेवारी संघ संस्थाहरु जवाफदेहि भइ कार्ययोजना कार्यन्वयन गरेमा भविस्यमा सोचे अनुसार प्रगति हुने देखिन्छ।

## अनसूचि

### अनसूचि १: अङ्क प्रदान गर्ने आधारहरु

| अङ्क | अवस्था | सूचकहरु वा आधारहरु |
|---|---|---|
| १ | नराम्रा | • सम्वन्धित सरोकारवालाहरुलाइ दिगो विकास लक्ष्यका वारेमा जानकारी नभएको<br>• नीति र कार्यक्रममा प्रगति नभएको |
| २ | सामान्य | • दिगो विकास लक्ष्यका वारेमा केहि जानकारी भएको<br>• नीति र कार्यक्रममा केहि उल्लेख भएको र केहि कार्यक्रमहरु संचालनमा रहेका<br>• कार्यक्रमको गुणस्तरमा सुधार गर्नुपर्ने |
| ३ | राम्रो | • दिगो विकास लक्ष्य र कार्यक्रमहरुका वारेमा अधिंकांश उपभोक्तहरुमा जानकारी भएको<br>• थप स्पस्टता वा जानकारी आवश्यक<br>• धेरै जसो कार्यक्रमहरु संचालनमा रहेका तर गुणस्तरमा थप सुधार गर्नुपर्ने |
| ४ | एकदमै राम्रो | • दिगो विकास लक्ष्य र कार्यक्रमहरुका वारेमा सबैलाइ जानकारी भएको<br>• नीति र कार्यक्रममा समावेस भइ अधिंकांश संचालनमा रहेका<br>• नतिजा र गुणस्तर समेत कायम भएको<br>• गुनासो तथा उजुरीहरु लिने दिने प्रकृयाको थालनी भएको |
| ५ | उत्कृष्ठ | • नीति र कार्यक्रममा समावेस भइ सवै कार्यक्रमहरु संचालनमा रहेका<br>• नतिजा र गुणस्तर कायम भएको<br>• गुनासो तथा उजुरीहरु लिने दिने प्रकृयाको संस्थागत विकास र अभ्यास भएको<br>• असल र राम्रो अभ्यासको बारेमा प्रचार प्रसार भएको |

### अनसूचि २ (क) :

विकास साझेदार संस्थाहरुले दिगो विकास लक्ष्यका राष्ट्रिय सुचकहरु कार्यन्वयन गर्नको लागी गरेका प्रयासहरुहरु ( समुदायस्तरको धारणा, समुह कार्य राजदेवि नगरपालिका, रौतहट

| दिगो विकास लक्ष्य ४: समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरू प्रवर्धन गर्ने । | दिगो विकास लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउने । | दिगो विकास लक्ष्य १० : देशभित्रै तथा देशहरूबीचको असमानता हटाउने | दिगो विकास लक्ष्य १३: जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न ९ऋफदबत ० तत्काल कार्य अघि बढाउन | दिगो विकास लक्ष्य १६ : दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्धन गन | दिगो विकास लक्ष्य १७ : दिगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनर्जीवन दिन |
|---|---|---|---|---|---|
| विद्यालय भर्ना अभियान<br>प्रदेश सरकारको बेटी पढाओ बेटी वचाओ अभियान<br>पाठ्यपुस्तक निशुल्क वितरण<br>निशुल्क किशोरी शिक्षा, छात्रवृति, यातयातको व्यवस्था शिक्षकको व्यवस्था र तालिम<br>विद्यालयमा भौतिक सुविधा जस्तै खेलकुद, पुस्तकालय, कम्प्युटर, विद्युत, इन्टरनेटको व्यवस्था<br>किशोरीहरुको लागि सेनेटरी प्याडको व्यवस्था | जनचेतनामूलक कार्यक्रम जस्तै रेडियो, सडक नाटक, रयाली आदि<br>महिला प्रतिनिधित्व र सहभागिताको लागि अभिमुखिकरण तालिम<br>श्रमशक्तिमा महिला र पुरुषको समान ज्यालादर<br>स्थानीय तहमा महिला सहभागिता बढाउँन मनोनयनको व्यवस्था र प्रमुख र उप प्रमुख मध्ये एकजना महिला भएको<br>संविधानमा महिलाको ३३ प्रतिशत सहभगिताको प्राव धान | रोजगारीका लागि शिपमूलक तालिम संचालन भएको<br>आयआर्जनमा महिलाको लागि कोटा निर्धारण भएको सामाजिक भत्ताको व्यवस्था जस्तै अपाङ्ग, एकल, वृद्ध<br>वालवालिकाको लागि पोषण भत्ता<br>महिला सशक्तिकरणको लागि छात्रवृति, साइकल वितरण, आयआर्जन कार्यक्रम सञ्चालन उपभोक्ता | वैकल्पिक उर्जामा सोलार पम्प, सोलार वत्ति जडान भएको जैविक मल प्रयोगका लागि सचेतना कार्यक्रम<br>वृक्षारोपण नगरपालिका वाट सरसफाइ सम्वन्धि कार्यहरु भइ रहेको जस्तै नाला नीजि तथा सार्वजनिक सौचालय निर्माण र सरसफाइ कर्मचारी परीचालन | कोरनाको डर त्रास कम गर्न जनचेतना, खोप कार्यक्रमहरु संचालन भइ रहेका छन्<br>महिला हिंसा कम गर्न सचेतना कार्यक्रम जस्तै रयाली, सडक नाटक, रेडियो कार्यक्रम<br>योजना तयारी गर्दा गाउभेला गर्ने<br>योजनागत रुपमा सार्वजनिक लेखा परीक्षण गर्ने<br>समूह गठन गर्दा महिला, दलित, जनजाती लाइ | सार्वजनिक कार्यालयहरुमा वाइफाइ, इन्टरनेटको व्यवस्था<br>५ वर्ष मुनिका वालवालिकाहरुलाइ अनिवार्य रुपमा जन्म दर्ता गर्ने गरेको<br>स्थानीय सरकारले महिला विकास केन्द्रित वजेटको व्यवस्था गरेको स्थानीय सरकारले ५ वर्ष मुनिका वालवालिकाहरुलाइ पोषणको व्यवस्था गरेको<br>स्थानीय सरकारले कृषिको व्यवस्था गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समितिमा महिला, दलित, अपाङ्गको आधारमा सहभागिता भएको<br><br>टोल टोलमा वचत तथा आय आर्जनको लागि महिला समूह गठन | | पनि समावेश गर्ने गरेको | |

अनसूचि २ (ख) :

विकास साझेदार संस्थाहरुले दिगो विकास लक्ष्यका राष्ट्रिय सुचकहरु कार्यन्वयन गर्नको लागी गरेका प्रयासहरुहरु ( सरोकारवालाहरुको धारणा, समुह कार्य राजदेवि नगरपालिका, रौतहट

| **दिगो विकास लक्ष्य ४: समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइ कार्यक्रका अवसरहरू प्रवर्धन गर्ने ।** | **दिगो विकास लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउने ।** | **दिगो विकास लक्ष्य १० : देशभित्रै तथा देशहरूबीचको असमानता हटाउने** | **दिगो विकास लक्ष्य १३: जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न ९ऋफदबत० तल्काल कार्य अघि बढाउने** | **दिगो विकास लक्ष्य १६ : दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्धन गर्ने** | **दिगो विकास लक्ष्य १७ : दिगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनर्जीवन दिने** |
|---|---|---|---|---|---|
| कम्प्युटर तालिममा आंसिक मात्र सिकाइ भएको<br><br>शिक्षक तालिम<br><br>अभिभावक र शिक्षक विच अर्न्तकृया<br><br>विद्यालय भौतिक सुधार जस्तै | लैङ्गिक समानताका लागि जनचेतनामूलक कार्यक्रम जस्तै सडक नाटक, रेडियो कार्यक्रम<br><br>महिला नेतृत्व विकास तालिम<br><br>महिलाहरुलाइ आयआर्जन कार्यक्रम जस्तै | आयवृद्धि गर्न सिपमूलक तालिम र आयआर्जन कार्यक्रम संचालन भएको<br><br>उपभोक्ता समितिहरुमा महिला, दलित, जनजातीको कोटा निर्धारण<br><br>महिला, दलित, एकल, अपाङ्गता, | योजना तर्जुमाको समयमा जलवायु परिवर्तन सम्वन्धि छलफल हुने गरेको<br><br>वृक्षारोपण, तटवन्धन निर्माण<br><br>विद्यालयको पाठ्यक्रममा जलवायु परिवर्तन सम्वन्धि समावेश | कोभिडको कारण मनमा केहि डर त्रास बढेको तर अन्य डर त्रास नरहेको मनोविमर्शकर्ता व्यवस्थापन<br><br>महिला हिंसा, वाल विवाह, दाइजो, यौन दुर्व्यवहार सम्वन्धि उजुरी गर्ने अभ्यास नभएको | बाल पोषण कार्यक्रम<br><br>५ वर्ष मुनिका वालवालिका हरुको जन्म दर्ता<br><br>सवै वडा कार्यालयमा कम्प्युटर, इन्टरनेटको सुविधा |

| | | | | | |
|---|---|---|---|---|---|
| खानेपानी, चर्पी आदि<br><br>बेटी पढाओ बेटी वचाओ अभियान<br><br>छात्रवृत्ति कार्यक्रम<br><br>छात्राहरुलाइ साइकल वितरण<br><br>दिवा खाजा, पौष्टिक आहरा कार्यक्रम<br><br>स्यानिटरी प्याड वितरण, निशुल्क पाठ्यपुस्तक वितरण | कुखुरापालन, वाखा पालन, पसल<br><br>प्रजनन तथा परीवार नियोजन सम्वन्धि तालिम<br><br>स्थानीय तहमा महिला, दलित, जनजाती, गरीव कोटा समावेश गरी उनीहरुको प्रतिनिधित्व सुनिश्चितता गरेको | वृद्ध भत्ताको व्यवस्था<br><br>विद्यालयहरुमा छात्रवृति कोटा<br><br>पोषण कार्यक्रम | गरी पढाइ भएको<br><br>सामुदायिक स्तरमा फोहर मैला व्यवस्थापन भएको<br><br>सरसफाइ सम्वन्धि जनचेतना<br><br>रासयनिक मलको सट्टा जैविक मलको प्रयोग भएको | सवै वडा कार्यलयहरुमा नागरीक वडापत्र, उजुरी दर्ता, सूचनापाटीको व्यवस्था भएको र सूचना अधिकारी तोकेको<br><br>प्रत्येक आ.व.को लेखा परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ र संचालित योजनाहरुको होडिङ्गवोर्ड राख्ने गरेको<br><br>महिला विकास शाखा अर्न्तगत न्यायिक समिति रहेको र लैङ्गिक हिंसा सम्वन्धि जनचेतनाको लागि वजेट छुट्टाइएको<br><br>महिला, दलित, जनजाती, अल्पसंख्यकहरुको लागि समय समयमा तालिम गोष्ठि गर्ने गरेको | |

अनसूचि ३: दिगो विकास लक्ष्यका राष्ट्रिय सुचकहरु प्रभावकारी कार्यन्वयनका लागि अगामि ५ वर्षको कार्ययोजना .(आ.व. २०७९ देखि २०८३)

| दिगो विकास लक्ष्यका राष्ट्रिय सुचकहरु | **के के कार्य गर्ने** | **कहिले गर्ने** | **जिम्मेवारी** | **कस्तो सहयोगको आवश्यकता पर्छ ?** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| **दिगो विकास लक्ष्य ४: समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरू प्रवर्धन गर्ने ।** | विद्यार्थी भर्ना अभियानलाई अझ सबल बनाउँनका लागि समुदाय स्तरमा छलफल गर्न जरुरी छ । बालबालिकाको लागि जनचेतना जगाउने | वार्षिक कार्यक्रममा राख्ने | नगरपालिका | आर.डि.सी., युनिसेफ., ई.सी. डि.सी., यू.एन.डि. पी., मिडिया तथा अरु सहयोगी संस्थाहरु |
| | प्राविधिक शिक्षामा पहुँच र गुणस्तरमा बृदि गर्ने | बार्षिक कार्यक्रममा राख्ने | नगरपालिका | प्रदेश, संघीय सरकार, प्रविधिक विद्यालयहरु |
| | विद्यायलको गुणस्तर र भौतिक संरचनाहरुको व्यवस्थामा  सुधार | पञ्चवर्षिय योजनामा राख्ने | नगरपालिका | विद्यालय व्यवस्थापन समितिहरु र सहयोगी संस्थाहरु |
| **दिगो विकास लक्ष्य ५: लैङ्गिक समानता हासि गर्ने तथा सबै महिला किशोरीहरूलाई सशक्त बनाउने** | श्रमशक्तिमा महिला पुरुषको समान अवसरमा बृदि गर्नका लाीग जनचेतना र अभ्यासमा जोड दिने | निरन्तर | नगरपालिका | सहयोगी सघं संस्थाहरु र प्रदेश सरकार |
| | लैङ्गिगक यौंन हिंसा न्युनिकरणका लागि जनचेतना | निरन्तर | नगरपालिका तथा महिला समुह, कृषि समुह, विद्यार्थीहरु र टोल सुधार समिति | विभिन्न सहयोगी सघं संस्थाहरु |
| | महिला नेतृत्व तथा सशक्तिकरण तालिम | निरन्तर | नगरपालिका/ सामाजिक विकास समिति | विभिन्न सहयोगी सघं संस्थाहरु |
| **दिगो विकास लक्ष्य १० : देशभित्रै तथा देशहरूबीचको असमानता हटाउने** | स्वरोजगार सृजना गर्न आय आर्ज कार्यक्रम बढाउने | वार्षिक कार्यक्रम | नगरपालिका | विभिन्न सहयोगी सघं संस्थाहरु |
| | उमेर समुह र अपाङ्गताको आधारमा सामाजिक तथा आर्थिक सशक्तिकरणका कायक्रमहरु जस्तैः समूह तथा संस्थाहरुमा प्रतिनिधित्व बढाउने, आर्थिक कृयाकलापहरुमा अवसर दिने | वार्षिक कार्यक्रम | नगरपालिका | विभिन्न सहयोगी सघं संस्थाहरु |

| | | | | |
|---|---|---|---|---|
| **दिगो विकास लक्ष्य १३: जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न (Combat) तत्काल कार्य अघि बढाउन** | स्थानीय अनुकुलन योजना सम्बन्धि जनचेतनमुलक कार्यक्रम बढाउनु पर्ने | दुई देखि ५ वर्ष सम्म | नगरपालिका | सहयोगी संस्थाहरु |
| | स्थानीय अनुकुलन योजना निमार्ण गर्ने र कार्यन्वयन गर्ने | दुई देखि ५ वर्ष सम्म | स्थानीय सरकार | सहयोगी संस्थाहरु |
| | विद्यालयहरुमा वातावरण/अनुकुलन विषय सम्बन्धि पाठ्यक्रममा समावेश भएका विषयमा अभ्यास गर्नुपर्ने | निरन्तर | स्थानीय सरकार | विपद् व्यवस्थापन समिति |
| **दिगो विकास लक्ष्य १६ : दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरू निर्माण गर्न** | मनोसामाजिक विमर्श तथा घरेलु हिंसा न्युनिकरण सम्वन्धि तालिम | वार्षिक | नगरपालिका | सहयोगी संघ संस्थाहरु |
| | शुसासनका अभ्यासहरु प्रयोगमा ल्याउने जस्तै सार्वजनिक लेखा परिक्षण, सुचनाबोर्ड, सामाजिक परिक्षण | वार्षिक | नगरपालिका, स्थानीय सरकार र उपभोक्ता समितिहरु | सहयोगी संघ संस्थाहरु, राजनैतिक दलहरु |
| | लिङ्ग उमेर र अपाङ्गताको आधारमा समानुपातिक नेतृत्व वढाउँनुपर्ने | वार्षिक | नगरपालिका | सहयोगी संघ संस्थाहरु |
| **दिगो विकास लक्ष्य १७ : दिगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरू लाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनर्जीवन दिने** | निजि क्षेत्रमा साझेदारी संस्थाहरुसंग सहकार्य तथा समन्वय बढाउने<br>सामाजिक उत्तरदायित्वमा बृद्दि गर्ने | वार्षिक | नगरपालिका | उद्योग बाणिज्य सघं, निजि कम्पनी र अरु संघ संस्थाहरु, |
| | दिगो विकास लक्ष्य कार्यन्वयन लक्षित स्वयंमसेवक परिचालन | निरन्तर | नगरपालिका | सघींय र प्रदेश सरकार |
| अनुगमन तथा मुल्याङ्गन | पुनरावलोकन गोष्ठी | वार्षिक | नगरपालिका | विभिन्न सहयोगी सस्थाहरु |

अनसूचिः ४-नागरिक अगुवाईमा दिगो विकास लक्ष्यका राष्ट्रिय सुचकहरुको समिक्षा विषयक कार्यशाला गोष्ठीका सहभागीहरु ( सेवा ग्राही र सेवा प्रदायक)

स्थानः होटल सिमन, गौर

मिति - २०७८ श्रावाण ३१ र ३२ गते (१५-१६ अगष्ट २०२१)

| सि.न. | नाम | संस्था/समुह/ठेगाना | लिंग |
|---|---|---|---|
| सेवा ग्राहीको तर्फवाट प्रतिनिधित्व गर्ने सहभागीहरु | | | |
| १ | राज नारायण साह | युवा संजाल, राजदेवि नगरपालिका | पुरुष |
| २ | राधेश्याम सति | युवा संजाल, राजदेवि नगरपालिका | पुरुष |
| ३ | रोमिता शर्मा | युवा संजाल, राजदेवि नगरपालिका | महिला |
| ४ | गुल्शन कुमार साह | युवा संजाल, राजदेवि नगरपालिका | पुरुष |
| ५ | जेवा खातुन | युवा संजाल, राजदेवि नगरपालिका | महिला |
| ६ | रोशनी कुमारी | युवा संजाल, राजदेवि नगरपालिका | महिला |
| ७ | वीभा कुमारी | युवा संजाल, राजदेवि नगरपालिका | महिला |
| ८ | माधुरी मोहन झा | युवा संजाल, राजदेवि नगरपालिका | महिला |
| ९ | चन्द्रकला राम | युवा संजाल, राजदेवि नगरपालिका | महिला |
| १० | गुड्डु कुमार साह | युवा संजाल, राजदेवि नगरपालिका | पुरुष |
| ११ | मदिता कुमारी राम | युवा संजाल, राजदेवि नगरपालिका | महिला |
| १२ | राधिका कुमारी | युवा संजाल, राजदेवि नगरपालिका | महिला |
| १३ | परामानन्द साह | युवा संजाल, राजदेवि नगरपालिका | पुरुष |
| सेवा प्रदायकको तर्फवाट प्रतिनिधित्व गर्ने सहभागीहरु | | | |
| १४ | सरिता कुमारी | व्रम्हापुरी माध्यमिक विद्यालय, राजदेवि नगरपालिका | महिला |
| १५ | पुनिता कुमारी कर्ण | राम नरेश लक्ष्मण माध्यमिक विद्यालय, राजदेवि नगरपालिका | महिला |
| १६ | सुवोध साह | राजदेवि नगरपालिका, कार्यकारी अधिकृत | पुरुष |
| १७ | वीभा यादव | राजदेवि नगरपालिका, खरीदार | महिला |
| १८ | मीना देवि राम | राजदेवि नगरपालिका, वार्ड सदस्य | महिला |

| | | | |
|---|---|---|---|
| १९ | दीपिया देवि | राजदेवि नगरपालिका, वार्ड सदस्य | महिला |
| २० | विजय कुमार सिंह | राजदेवि नगरपालिका, शिक्षा शाखा | पुरुष |
| २१ | विजय कुमार साह | राजदेवि नगरपालिका, स्वास्थ शाखा | पुरुष |
| २२ | शिव शंकर सिंह | राजदेवि नगरपालिका, प्रशासन शाखा | पुरुष |
| २३ | भाग नारायण साह | राजदेवि नगरपालिका, वार्ड कमिस्नार | पुरुष |
| २४ | अनिता सिंह | राजदेवि नगरपालिका | महिला |
| २५ | सानुप महतो | राजदेवि नगरपालिका, वार्ड अध्यक्ष | पुरुष |
| २६ | जितेन्द्र राउत | राष्ट्रिय अनुसन्धान, जिल्ला कार्यालय | पुरुष |
| २७ | शीव दुलारी देवि | राजदेवि नगरपालिका, कार्यपालिका सदस्य | महिला |
| २८ | पुलिन्द्र दास | राजदेवि नगरपालिका, वार्ड अध्यक्ष | पुरुष |
| २९ | धिरेन्द्र कुमार सिंह | राजदेवि नगरपालिका मेयर | पुरुष |
| अन्य उपस्थित सहभागी तथा सहजकर्ताहरु | | | |
| ३० | प्रज्ञा अधिकारी | इस्लामिक रिलिफ नेपाल | महिला |
| ३१ | इच्छाराम थापा मगर | इस्लामिक रिलिफ नेपाल | पुरुष |
| ३२ | सन्तोष थापा | भीएसओ नेपाल | पुरुष |
| ३३ | राधा पाण्डे | भीएसओ नेपाल | महिला |
| ३४ | गोविन्द रिमाल | इस्लामिक रिलिफ नेपाल, परामर्शदाता/ सहजकर्ता | पुरुष |
| ३५ | पारस हुसेन | ग्रामिण विकास केन्द्र, अध्यक्ष | पुरुष |
| ३६ | धर्मेन्द्र कुमार साह | ग्रामिण विकास केन्द्र, कार्यक्रम संयोजक | पुरुष |

अनसूचि ५: कार्यक्रमका तस्विरहरु:



दिगो विकास लक्ष्यका सूचकहरुको मापनमा सामुदायिक अङ्कपत्रको प्रयोग र “कोही पनि पछि नछुटून”अवधारणावारे जानकारी गराउदै



दिगो विकास लक्ष्यका सूचकहरुमा हाल भएका प्रगतिहरुको वारेमा सेवा ग्राहीको तर्फवाट समूह अभ्यास गर्दै



दिगो विकास लक्ष्यका सूचकहरुमा हाल भएका प्रगतिहरुको वारेमा सेवा प्रदायकहरुको तर्फवाट समूह अभ्यास गर्दै




*दिगो विकास लक्ष्यका सूचकहरुमा भएका प्रगतिहरुको समान धारणाको लागि सामुदायिक अङ्कपत्रमा आमने सामने वैठकमा छलफल गर्दै*